## सूर्योदय नगरपालिकाको स्थानीय तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन२०७६

**स्वीकृत मिति : २०७६/११/१३**

प्रस्तावनाः

नगरबासीलाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न , आयोजनाहरु तर्जुमा गर्न, सुशासनको प्रत्याभूति दिन र नगरको आर्थिक गतिविधि बारे यथेष्ट ज्ञान प्राप्त गर्न नगरलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सङ्कलन सम्वन्धि सुविधाको व्यवस्था गर्न र तथ्याङ्क सङ्कलन अभिलेखीकरण प्रकाशन र विश्लेषण गर्नको निम्ति आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिमको अधिकार प्रयोग गरी यो ऐन बनाई लागू गरिएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ-**

क. यो ऐनको नाम "सूर्योदय नगरपालिकाको स्थानीय तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन, २०७६" रहेको छ।

ख. यो ऐन नगरसभाबाट पारीत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -**

क. "अधिकार प्राप्त कर्मचारी " भन्नाले यो ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क र खबरको विवरण सङ्कलन गर्न नगरपालिकाद्वारा अधिकार दिइएको कर्मचारी सम्झनु पर्छ।

ख. "सूचित आदेश" भन्नाले नगरपालिकाबाट सूचना प्रकाशन गरी दिइएको आदेश सम्झनु पर्छ।

ग. "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाका नगरप्रमुख सम्झनु पर्छ।

घ. "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाका नगर उप-प्रमुख सम्झनु पर्छ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

च. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको व्यवस्थालाई सम्झनु पर्छ।

१. विवरण दाखिला गराउने अधिकार :- नगरपालिकाले कुनै वर्गको व्यक्तिहरुको भोगचलन वा नियन्त्रणमा रहेको तोकिएको कुरा सम्वन्धि खबर लगत र तथ्याङ्कको तोकिएको ढाँचा विवरण र तोकिएको समयमा नगरपालिकामा दाखिला गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्नेछ।

२. तथ्याङ्क सङ्कलन गर्न निर्देशन गर्ने अधिकार :- नगरपालिकाले यस दफामा लेखिए बमोजिम कुनै कुराको सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्न निर्देशन दिन सक्नेछ।

उपदफा (१) अन्तर्गत दिइएको निर्देशनमा देहाय बमोजिम गर्न सकिनेछः-

क. सङ्कलन गर्नुपर्ने खबरको लगत तोक्ने

ख. त्यस्तो खबर सङ्कलन गर्न कामको निमित्त अधिकार प्राप्त कर्मचारी संघ सस्था नियुक्त वा मनोनित गर्न , तिनीहरुको काम कर्तव्य र अधिकारहरु तोक्ने र त्यस्तोकाम कर्तव्य र अधिकारहरु तोक्ने र त्यस्तो काम कर्तव्य र अधिकारहरु प्रयोग तथा पालना गर्दा तिनीहरुले अपनाउनु पर्ने कार्यविधि तोक्ने

ग. सङ्कलन गर्नुपर्ने तथ्याङ्क सुविधाजनक ढङ्गबाट सङ्कलन गर्नका निमित्त आवश्यक देखीएका वा आकस्मिक सबै कुराहरुको व्यवस्था गर्न सक्ने।

३. विवरण दाखिला गराउने सम्वन्धि कर्मचारीको अधिकारः- तथ्याङ्क सङ्कलनको लागि अधिकार प्राप्त कर्मचारीले कुनै व्यक्ति , संघ, संस्था सरकारी तथा गैर सरकारी कार्यालय , टोल विकास संस्था, आदिलाई सूचना पठाई तोकिएको कुरा सम्वन्धि तोकिएको खबर, लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा नगरपालिका समक्ष दाखिला गर्न आदेश गर्न सक्छ।

४. रेकर्ड जाँच्ने अधिकारः- तथ्याङ्क सङ्कलन गर्ने अधिकार प्राप्त कर्मचारीले तोकिएको कुनै कुराको सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका निम्ति दाखिला भएको कुनै लगत, विवरण वा खबर साँचो हो होइन भन्ने कुराको जाँच देहाय बमोजिम गर्नु पर्नेछ।

क. कुनै खबर वा विवरण दाखिला गर्नु पर्ने कर्तव्य भएका कुनै व्यक्तिको भोग चलन वा नियन्त्रणमा कुनै घर जग्गामा पूर्व सूचना दिई मनासिव माफिकको समयमा प्रवेश गर्ने।

ख. भोग चलन वा नियन्त्रणमा रहेको कुनै लिखत वा चिज आफू छेउ पेश गर्ने आदेश दिन र त्यस्तो जाँच गर्न।

ग. यस ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क सम्वन्धि कुनै खबर कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिव माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्नहरु सोध्ने।

५. तथ्याङ्कलाई प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्नेः-

१) तथ्याङ्क सङ्कलन गर्न स्वीकृति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क सङ्कलन गरी त्यसलाई प्रयोगमा ल्याउन वा प्रकाशित गर्नु अघि नगर प्रमुखको स्वीकृतिमा प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

२) सजायः १) नगरपालिकाको निर्देशन अनुसार कुनै खबर वा विवरण दिनु पर्ने कर्तव्य , भएका कुनै व्यक्तिले देहायको कसुर गरेमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित्त रु २००।- सम्म जरिवाना गर्न सकिनेछ।

क. जानीजानी त्यस्तो खबर वा विवरण तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा

ख. जानीजानी कुनै झुट्टा खबर वा विवरण दिएमा वा दिलाएमा

३) **नियम बनाउने अधिकारः-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन नगरपालिकाले आवश्यक नियम कार्यविधि निर्माण गर्न सक्नेछ।

४) **संशोधनः-** यस ऐनमा समय सापेक्ष संशोधन गर्न आवश्यक ठानेमा नगरपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

५) **बचाउः-** यस ऐनमा राखिएको कुनै पनि व्यवस्था नेपालको संविधान, अन्य प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हद सम्म बदर भागी हुनेछ।

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत